18 September 2024

National Nepali

मुख्य समाचार

- एक राष्ट्र एक चुनाउका लागि गठित उच्चस्तरीय समितिको सिफारिसलाई सरकारले गऱ्यो स्वीकार
- चन्द्रयान–4 मिसन र भेनस अर्बिटर मिसनलाई पनि दियो मन्त्रीमण्डलले स्वीकृति
- केन्द्रशासित प्रदेश जम्मू कश्मीरमा पहिलो चरणको मतदान शान्तिपूर्ण सम्पन्न, लगभग 58 प्रतिशत मतदान
- अनुसन्धान अनि विकासको क्षेत्रमा महिलाको अधिकतम सहभागिताका लागि राष्ट्रपतिले गर्नुभयो आग्रह
- सय दिनमा सरकारले अनेकौं परियोजनाहरू सुरू गर्नका साथै मणिपुरमा शान्ति पुनर्स्थापनाका अनेकौं पहल
- चाइना ओपन ब्याडमिन्टन प्रतियोगितामा मालविका बन्सोडको विजय अभियानको थालनी

मन्त्रीमण्डलका निर्णयहरू

सरकारले देशभरि एकैसाथ चुनाउ गराउन एक राष्ट्र एक चुनाउका लागि गठित उच्चस्तरीय समितिको सिफारिसलाई स्वीकार गरेको छ। आज नयाँ दिल्लीमा मन्त्रीमण्डलको बैठकपछि पत्रकारहरूसँग कुराकानी गर्दै सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले पूर्व राष्ट्रपति श्री रामनाथ कोविन्दको अध्यक्षतामा गठित समितिले राजनीतिक दल अनि विज्ञहरूलगायत सरोकारवालाहरूसँग व्यापक छलफल गरेको बताउनु भयो। यो दुई चरणमा कार्यान्वयन गरिने उहाँले बताउनु भयो । श्री वैष्णवले भन्नुभयो, पहिलो चरणमा लोकसभा र विधानसभाको निर्वाचन एकैसाथ हुनेछ र आमचुनाउ भएको सय दिनभित्रमा पञ्चायत र नगरपालिका जस्ता स्थानीय निकायको निर्वाचन हुनेछ ।

विज्ञान अनि प्रविधि क्षेत्रलाई बढावा दिन चन्द्रयान–4 मिसन र भेनस अर्बिटर मिसनलाई पनि मन्त्रीमण्डलले स्वीकृत दिएको श्री वैष्णवले जानकारी दिनुभयो। उहाँले चन्द्रमामा सफल अवतरणपछि पृथ्वीमा फर्किने प्रविधि विकास गर्न चन्द्र अभियानलाई मन्त्रीपरिषद्ले स्वीकृत दिएको बताउनु भयो । उहाँले शुक्रको वायुमण्डलबारे थप जानकारीका लागि भेनस अर्बिटर मिसनलाई स्वीकृति दिइएको पनि बताउनु भयो । यो मिसन मार्च 2028 मा लञ्च हुने अपेक्षा गरिएको बताउँदै उहाँले भेनस अर्बिटर मिसनका लागि एक हजार 236 करोड रुपियाँ अनुमोदन गरेको जसमा 824 करोड रुपियाँ अन्तरिक्ष यानका लागि रहेको बताउनु भयो।

यसका साथै मन्त्रीमण्डलले रवि सिजन २०२४-२५ का लागि फस्फेट र पोटास मलमा पोषणमा आधारित अनुदान पनि स्वीकृत गरेको छ। यसका लागि 24 हजार करोडभन्दा धेरै खर्च हुनेछ ।

कृषकलाई उत्पादनको उचित मूल्य उपलब्ध गराउन अनि अत्यावश्यक वस्तुको मूल्यमा हुने उतारचढावलाई नियन्त्रण गर्न सरकारले प्रधानमन्त्री अन्नदाता आय संरक्षण योजनालाई निरन्तरता दिएको उहाँले जानकारी दिनुभयो ।

केन्द्रीय मन्त्रीले भन्नुभयो, सरकारले 79 हजार 156 करोड रूपियाँको परिव्ययमा प्रधानमन्त्री जनजाति उन्नत ग्राम अभियानलाई पनि अनुमोदन गरेको छ। यो योजनाले आदिवासी जनजातिको सामाजिक आर्थिक अवस्था सुधार्नेछ।

केन्द्रीय मन्त्रीले भन्नुभयो, क्याबिनेटले एनिमेसन, भिजुअल इफेक्ट्स, गेमिङ, कमिक्स र विस्तारित वास्तविकताका लागि राष्ट्रिय उत्कृष्टता केन्द्रको स्थापनालाई पनि अनुमोदन गरेको छ। उहाँले जैविक प्रविधि अनुसन्धान नवाचार र उद्यमशीलता विकास योजनाका साथै जैविक उत्पादन र बायोफाउन्ड्रीका नयाँ कम्पोनेन्टहरू पनि स्वीकृत गरेको छ, भन्नुभयो।

<u>जम्मू कश्मीर विधानसभा चुनाउ</u>

केन्द्रशासित प्रदेश जम्मू कश्मीरमा आज विधानसभा चुनाउको पहिलो चरणको मतदान शान्तिपूर्ण सम्पन्न भयो। बेलुकी पाँच बजीसम्ममा लगभग 58 प्रतिशत मतदान भएको थियो। मतदानको प्रतिशत अझ बढ्ने सम्भावना छ।

आज डोडा, किश्तवाड, रामबन,  अनन्तनाग, पुलवामा, कुलगाम र शोपियान जिल्लामा मतदान भयो। मतदान साँझ ६ बजे समाप्त भयो। स्मरणरहोस्, जम्मु कश्मीरमा एक दशकपछि विधानसभा चुनाउ हुँदैछ।

अर्कोतिर, हरियाणा विधानसभा चुनाउका लागि प्रचार अभियान तेज भएको छ।

कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड़गेले आज हरियाणा विधानसभा चुनाउका निम्ति पार्टीको घोषणापत्र जारी गर्नुभयो। नयाँ दिल्ली पार्टी मुख्यालयमा श्री खड़गेले भन्नुभयो, राज्यमा कंग्रेस सरकार बनेपछि सातवटा वचन पूरा गरिनेछ।

<u>जयपुर – राष्ट्रपति</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले अनुसन्धान र विकासको क्षेत्रमा महिलाको अधिकतम सहभागिता देशको सांस्कृतिक र आर्थिक विकासका लागि मात्र होइन, महिलाको जीवनस्तरमा सुधारका लागि पनि आवश्यक रहेको बताउनुभएको छ । उहाँले आज दिउँसो जयपुरको मालवीय नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजित १८औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै यस्तो विचार साझा गर्नुभयो । उहाँले भन्नुभयो,  महिलाले समान अवसर पाएमा उत्कृष्टता हासिल गर्न सक्नेछन् ।

राष्ट्रपतिले सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्य रहेको बताउनुभयो । उहाँले विद्यार्थीलाई राष्ट्रको विकासमा नेतृत्व प्रदान गर्न आफ्नो दायित्व निर्वाह गर्न आग्रह

गर्नुभयो। राष्ट्रपतिले आफ्नो ज्ञान र दृढ संकल्पको बलमा देशको भविष्य निर्माण गर्न विद्यार्थीहरू अगाडि आउनुपर्छ भन्नुभयो।

<u>सुब्रमण्यम - अर्थव्यवस्था</u>

नीति आयोगका प्रमुख कार्यकारी अधिकारी श्री बीभीआर सुब्रमण्यमले भारतले सन् 2030 सम्ममा आफ्नो अर्थव्यवस्थालाई सजिलै दोब्बर बनाउन सक्ने बताउनु भएको छ।
नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा बोल्दै श्री सुब्रमण्यमले सन् 2047 सम्ममा भारत विश्वको सबैभन्दा युवा राष्ट्रमध्ये एक हुने बताउनुभयो । उहाँले त्यतिबेला भारतको प्रतिव्यक्ति आय लगभग 20 हजार डलर हुने अनुमान गर्नुभयो । उहाँले भन्नुभयो, जलवायु परिवर्तन भारतको लागि जलवायु प्रविधिमा अग्रणी बन्ने अवसर हो।
श्री सुब्रमण्यमले हरित अर्थतन्त्रमा ध्यान केन्द्रित गर्न आवश्यक छ भन्नुभयो। उहाँले भन्नुभयो, 2070 सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने दिशामा नीति आयोगले काम गरिरहेको छ ।

<u>मोदी सरकार - 100</u>

ऐतिहासिक तेस्रो पल्ट सत्तामा आएपछि केन्द्रको मोदी सरकारले पहिलो सय दिन पूरा गरेको छ। यस अवधिमा, सरकारले पूर्वाधार, किसान, मध्यम वर्ग, महिला र युवाहरूमा केन्द्रित 15 लाख करोड रुपियाँका धेरै परियोजनाहरू सुरू गरेको छ। सरकारले कनेक्टिभिटी र विकासलाई प्रोत्साहित गर्ने उद्देश्यले विभिन्न परियोजना स्वीकृत गरेपछि देशभरि पूर्वाधार क्षेत्रमा उल्लेखनीय वृद्धि भएका छन् ।
यसैबीच, सरकारले विगत १०० दिनमा मणिपुरमा शान्ति र सामान्य स्थिति पुनर्स्थापना गर्न विभिन्न पहल गरेको छ। गृह मन्त्रालयको स्रोतले भनेको छ, केन्द्रीय रिजर्व पुलिस बल - CRPF को दुई बटालियन र केन्द्रीय पुलिस बलहरूका दुई सय कम्पनीहरु मणिपुरमा तैनाथ गरिएका छन्। केन्द्रीय गृहमन्त्री श्री अमित शाहले मणिपुरको सुरक्षा अवस्थाको नियमित समीक्षा गर्दै आवश्यक कारबाही सुनिश्चित भइरहेको पनि जानकारी दिनु भएको छ। सरकारले भारत–म्यानमार सीमामा स्वतन्त्र आवतजावत बन्द गरेको छ ।

भारत र म्यानमारबीचको एक हजार ६१० किलोमिटर लामो अन्तर्राष्ट्रिय सीमानामा तारबार लगाउने र सडक निर्माण गर्ने कामलाई सुरक्षासम्बन्धी मन्त्रिपरिषद् समितिले स्वीकृति दिएको छ। क्षेत्रमा शान्ति स्थापनाका लागि मेइती र कुकी समुदायसँग वार्ता जारी रहेको मन्त्रालयले जनाएको छ ।

ट्रम्प-मोदी

अमेरिकी राष्ट्रपति पदका रिपब्लिकन उम्मेदवार श्री डोनाल्ड ट्रम्पले आउँदो सप्ताह प्रधानमन्त्री श्री नरेन्द्र मोदीसित भेट गर्ने बताउनुभएको छ। मिसिगनमा भारतसँगको अमेरिकी व्यापारबारे बोल्दै श्री ट्रम्पले उक्त घोषणा गर्नुभएको हो। 21 -देखि २३ सितम्बरसम्म श्री मोदीको अमेरिका भ्रमणका क्रममा यी दुई नेताको भेट हुने सम्भावना छ।

ब्याडमिन्टन - चाइना ओपन

भारतीय ब्याडमिन्टन खेलाडी मालविका बन्सोडले पेरिस ओलम्पिककी कास्य पदक विजेता ग्रेगोरिया तुन्जुङलाई आज चाइना ओपन ब्याडमिन्टन प्रतियोगितामा महिला सिंगल्सको पहिलो चरणमा पराजित गरेर आफ्नो विजय अभियानको थालनी गरेकी छन्।